# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४४) काठमाडौं, भदौ १३ गते २०५१ साल (संख्या २०

## भाग ३

### निर्वाचन आयोगको

### सूचना १

श्री ५ महाराजाधिराजबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ५३ को उप-धारा (४) बमोजिम प्रतिनिधि सभाका सदस्यहरूको निर्वाचनको लागि २०५१ साल कार्तिक २७ गते आइतबारको दिन निर्वाचनको मिति तोकिबक्सेको हुँदा निर्वाचन आयोगले प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०४७ को दफा २४ को उप-दफा (१) र (२) तथा दफा २५ को उप-दफा (१) को प्रयोजनको लागि नेपाल अधिराज्यका २०५ निर्वाचन क्षेत्रहरूमा प्रतिनिधि सभाका सदस्यहरूको निर्वाचन गर्न २०५१ साल कार्तिक २७ गते आइतबारका दिन बिहान ८ बजेदेखि अपरान्ह ५ बजेसम्म मतदान हुने गरी मतदानको मिति र समय तोकेको छ।

### सूचना २

निर्वाचन आयोगले प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०४७ को दफा ११ ले दिएको अधिकार प्रयोग गरी २०५१ साल कार्तिक २७ गते हुने प्रतिनिधि सभाका सदस्यहरूको निर्वाचनको लागि मतदान गर्न उमेर पुग्ने मिति २०४९ साल चैत्र मसान्त तोकेको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ३

निर्वाचन आयोगले प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०४७ को दफा ४८ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी २०५१ साल कार्तिक २७ गते हुने प्रतिनिधि सभाका सदस्यहरूको निर्वाचनमा मतदाताले मतपत्रमा छाप लगाई मतदान गर्ने प्रयोजनको लागि देहायबमोजिमको मत संकेत गर्ने चिन्न तोकेको छ ।

मत संकेत गर्ने चिन्हः– (卐) (स्वस्तिक चिन्ह)

आज्ञाले,
टेकबहादुर थापा
सचिव
निर्वाचन आयोग

मुद्रण विभाग, सिंहदरबार

२३२



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।